नेपाल सरकार

# भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय

URL : www.moppw.gov.np
email:info@moppw.gov.np
फोन नं. ४२११८८०, ४२११९३१, ४२११६५५
फ्याक्स नं. ४२११७२०
सिंहदरवार, काठमाडौं,
नेपाल ।

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सिंहदरवार, काठमाडौं

पत्र संख्याः-

च. नं.:-

## प्रेस विज्ञप्ति

२०७६ मंसिर २९ गते सिन्धुपाल्चोक जिल्लाको सुनकोशी गाउँपालिका-७ स्थित लामोसाघुँ-जिरी सडक खण्डको स्वाँरा (६ किलो घुम्ती) मा भएको सवारी दुर्घटना प्रति यस मन्त्रालयको गम्भिर ध्यानाकर्षण भएको छ । उक्त सवारी दुर्घटनामा भएको जनधनको क्षतिप्रति गहिरो दुःख व्यक्त गर्दै दिवङ्गतहरुप्रति मन्त्रालय हार्दिक समवेदना प्रकट गर्दछ ।

उक्त दुर्घटनामा घाइते हुनु भएका यात्रुहरुको शिघ्र स्वास्थ्य लाभको कामना गर्दै यस सवारी दुर्घटनाको छानवीन गर्न यस मन्त्रालय मातहतको संघीय सडक सुपरीवेक्षण तथा अनुगमन कार्यालयका सु.ई. (सहसचिव) श्री राजेन्द्रराज शर्माको संयोजकत्वमा गृह मन्त्रालय, ट्राफिक प्रहरी, यातायात व्यवसायी महासंघका प्रतिनिधि समेतको संलग्नतामा ७ (सात) दिन भित्र प्रतिवेदन पेश गर्न छानवीन समिति गठन गरिएको छ ।

यसका अतिरिक्त विगतमा भएका सवारी दुर्घटनाहरुको अध्ययन गरी दुर्घटनाका कारण, न्यूनीकरणका उपाय सम्बन्धी नीतिगत एवं संरचनागत सुधार सहितको प्रतिवेदन पेश गर्न समेत अर्को एक समिति गठन गरिएको छ ।

२/८/२०

गोपाल प्रसाद सिग्देल
सहसचिव